मिति २०७३/१२/३० मा बसेको आ.व. ०७३/०७४ को १३ औं सचिव बैठकका निर्णयहरु

क्र.सं.	निर्णयहरु	जिम्मेवार निकाय	सहयोगी निकाय	अनुगमन गर्ने निकाय	समय सीमा
१.	वातावरण संरक्षणका सम्बन्धमा सम्मानीत सर्वोच्च अदालतबाट भएको आदेश कार्यान्वयन गर्न आ-आफ्नो निकायसँग सम्बन्धित कामको कार्यान्वयन योग्य कार्ययोजना बनाई लागु गर्ने/गराउने।	सम्बन्धित सबै मन्त्रालय /निकाय	जनसंख्या तथा वातावरण मन्त्रालय	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	निरन्तर
२.	वातावरण संरक्षण गर्ने सम्बन्धमा सरोकारवाला मन्त्रालय निकायहरुले दीर्घकालीन, मध्यकालीन र अल्पकालीन योजना बनाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने। प्राप्त कार्ययोजनालाई एकिकृत गरी प्रतिवेदन तयार गर्न निम्नानुसारको समिति गठन गर्ने: सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (शासकिय सुधार योजना तथा अनुगमन र सामाजिक विकास) - संयोजक सचिव, जनसंख्या तथा वातावरण मन्त्रालय - सदस्य सचिव, शहरी विकास मन्त्रालय - सदस्य सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - सदस्य सचिव, खानेपानी तथा सरसफाई मन्त्रालय - सदस्य महानिर्देशक, सडक विभाग - सदस्य आयोजना प्रमुख, मेलम्ची खानेपानी आयोजना - सदस्य आयोजना प्रमुख, आयोजना कार्यान्वयन निर्देशनालय (PID) - सदस्य	सबै मन्त्रालय /निकाय	सम्बन्धित मन्त्रालय /निकाय	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३ दिन भित्र
३.	क्षेत्रगत मन्त्रालयले पूर्वाधार निर्माण कार्य संचालन गर्दा आम सर्वसाधारणलाई सुरक्षित हुने व्यवस्था मिलाउन Sector Specific Code of Conduct तयार गर्ने साथै आयोजना सम्पन्न हुने अवधी (Air Mark) किटान गरी निर्माण कार्य गर्ने व्यवस्था मिलाउने।	सम्बन्धित मन्त्रालय /निकाय	संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, जनसंख्या	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	निरन्तर

मुख्य सचिव

क्र.सं.	निर्णयहरु	जिम्मेवार निकाय	सहयोगी निकाय	अनुगमन गर्ने निकाय	समय सीमा
			तथा वातावरण मन्त्रालय		
४.	ढुंगा, गिटी, बालुवा लगायत निर्माण सामाग्री ओसार पसार गर्दा पालना गर्नुपर्ने स्वीकृत मापदण्ड कडाईका साथ कार्यान्वयन गर्ने/गराउने।	संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र गृह मन्त्रालय	जनसंख्या तथा वातावरण मन्त्रालय	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	निरन्तर
५.	वागमती सफाई अभियानको २०० औं हप्तामा जारी गरिएको राष्ट्रिय सरसफाई अभियान घोषणा पत्र, २०७३ बमोजिम देश भरीका सबै कार्यालय, संघ संस्था र निकायले प्रत्येक महिनाको पहिलो शुक्रबार दिउँसो २ बजे देखि ३ बजे सम्म आ-आफ्नो कम्पाउण्ड परिसर सरसफाई गरी सरसफाई अभियानलाई देश व्यापी बनाउने साथै घोषणा पत्रमा उल्लेखित सबै व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन गर्ने/गराउने।	सबै मन्त्रालय /निकाय	गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालय, खानेपानी तथा सरसफाई मन्त्रालय	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	निरन्तर
६.	सबै मन्त्रालय/निकायहरुले कार्यविस्तृतीकरण प्रतिवेदन समेतको आधारमा मन्त्रालय अन्तरगत रहेका विभागहरु मध्ये केन्द्रमा रहनु पर्ने विभाग, एक अर्कामा समाहित भई केन्द्रमा रहने विभाग र खारेज गरी प्रदेशमा पठाउनु पर्ने विभागहरुको संरचना, सेवा समूह अनुसार दरबन्दी विवरण बनाई २०७४ बैशाख ७ गते भित्र सामान्य प्रशासन मन्त्रालयमा पठाउने। प्राप्त विवरण सामान्य प्रशासन मन्त्रालयले अध्ययन विश्लेषण गरी औचित्य समेतको आधारमा संघमा रहने विभाग, केन्द्रिय निकायहरुको संगठन संरचना र सेवा समूह अनुसार दरबन्दी सहितको विवरण १५ दिन भित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मुख्यसचिवको अध्यक्षतामा रहेको समन्वय समितिमा पेश गर्ने।	सम्बन्धित सबै मन्त्रालय /निकाय	सामान्य प्रशासन मन्त्रालय	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२०७४ बैशाख ७ गते भित्र

मुख्य सचिव

क्र.सं.	निर्णयहरु	जिम्मेवार निकाय	सहयोगी निकाय	अनुगमन गर्ने निकाय	समय सीमा
७.	चालू आ.व.मा तोकिएको वेरुजु फछ्र्यौटको लक्ष्य हासिल गर्न विशेष गरी हालसम्म कम वेरुजु फछ्र्यौट गरेका निकायहरुले तदारुकताका साथ कार्य गर्ने।	सम्बन्धित सबै मन्त्रालय /निकाय	अर्थ मन्त्रालय	महालेखा नियन्त्रकको कार्यालय	निरन्तर
८.	आ-आफ्नो मन्त्रालय र अन्तरगतका निकायहरुले तिर्न बाँकी रहेको खानेपानी महसूलको वक्यौताको अद्यावधिक विवरण खानेपानी तथा सरसफाई मन्त्रालयले उपलब्ध गराउने सो आधारमा सम्बन्धित मन्त्रालयले बाँकी वक्यौता तिर्ने।	सम्बन्धित सबै मन्त्रालय /निकाय	खानेपानी तथा सरसफाई मन्त्रालय	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	७ दिन भित्र
९.	आउँदै गरेको नयाँ वर्ष २०७४ को पूर्व सन्ध्यामा सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुलाई शान्ति, समृद्धि र सुखस्वास्थ्यको लागि शुभकामना प्रदान गर्ने।	सम्बन्धित सबै मन्त्रालय /निकाय	-	-	-

मुख्य सचिव